# नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५७।६।२

संशोधन

| | | |
|---|---|---|
| १. | नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) (पहिलो संशोधन) नियमावली, २०६७ | २०६७।१।३१ |
| २. | सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० | २०७०।१।३० |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "नेपाली सेना, लेखा समूह (गठन, नियुक्ति र बढुवा) नियमावली, २०५७" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले ▶सैनिक ऐन सम्झनु पर्छ ।

(ख) "सेवा" भन्नाले ▶सैनिक ऐन अन्तर्गतको सेवा सम्झनु पर्छ ।

(ग) "समूह" भन्नाले नेपाली सेना अन्तर्गत लेखा सम्बन्धी काम गर्ने सैनिक कर्मचारीको समूह सम्झनु पर्छ ।

(घ) "विभागीय प्रमुख" भन्नाले आर्थिक प्रशासन विभागको सहायकरथी● सम्झनु पर्छ ।

▶ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।
● पहिलो संशोधनद्वारा संशोधित ।

३. समूह रहने : नेपाली सेनामा लेखा सम्बन्धी कामका लागि लेखा समूह नामको एक समूह रहनेछ ।

४. समूहमा रहने पद : समूहमा अनुसूची-१ बमोजिमका पदहरु रहनेछन् । नेपाल सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

५. नियुक्तिको लागि योग्यता : ▶सैनिक ऐन र सो ऐन अन्तर्गत बनेका नियमावली बमोजिम अयोग्य नभएका व्यक्तिहरु नियुक्तिको लागि योग्य हुन सक्नेछन् ।

६. समूहिकृत हुने : (१) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाली सेनाको विभिन्न पदमा रही लेखा सम्बन्धी काममा कार्यरत सैनिक कर्मचारीहरु लेखा समूहमा स्वत: समूहिकृत हुनेछन् ।

(२) उपनियम (१) बमोजिम समूहिकृत गर्दा सो समूहमा कर्मचारीहरु पर्याप्त नभएमा यो नियमावली लागू भएको पैतालीस दिनभित्र लेखा सम्बन्धी तालिम लिइसके पछि दुई वर्षको अनुभव भएका कर्मचारीहरु मध्येबाट अधिकृतको लागि सैनिक सचिव विभागले र पदिक वर्गको लागि कार्यरथी विभाग (संगठन) ले लेखा समूहमा समूहिकृत गर्न सक्नेछन् ।

७. रिक्त पदको पूर्ति : समूहका रिक्त पदको पूर्ति देहाय बमोजिम गरिनेछ :-

| | पद | खुल्ला प्रतियोगिताद्वारा | बढुवाद्वारा | सेवा भित्रबाट |
|---|---|---|---|---|
| (क) | जमदार | ७५% | x | २५% |
| (ख) | सुवेदार | x | १००% | x |
| (ग) | सहायक सेनानी | ५०% | ४०% | १०% |
| (घ) | उपसेनानी | x | १००% | x |
| (ङ) | सहसेनानी | x | १००% | x |

| | | | | |
|---|---|---|---|---|
| (च) | सेनानी | x | १००% | x |
| (छ) | प्रमुख सेनानी | x | १००% | x |
| (ज) | महासेनानी | x | १००% | x |
| (झ) | सहायक रथी | x | १००% | x |

✄........

८. नयाँ नियुक्ति : नियम ५ बमोजिमको योग्यता पुगेका र देहाय बमोजिमको शैक्षिक योग्यता भएका व्यक्ति समूहको देहायको पदमा नियुक्तिको लागि योग्य मानिनेछ :-

(क) जमदार पदको लागि प्रवेशिका (एस.एल.सी.) परीक्षा उत्तीर्ण गरेको,

(ख) सहायक सेनानी पदको लागि भर्ना हुने सालको वैशाख १ गते अठार वर्ष पूरा भई एक्काईस वर्ष ननाघेको र मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य शास्त्र वा व्यवस्थापन विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भएको वा सोही विषयमा स्नातक उत्तीर्ण गरेकाको हकमा चौबीस वर्ष ननाघेको ।

९. सरुवा तथा काज : समूहमा कार्यरत सैनिक कर्मचारीलाई आर्थिक कारोबार सम्बन्धी काममा लगाइनेछ ।

(२) समूहमा कार्यरत सैनिक कर्मचारीलाई सरुवा गर्नु पर्दा समूह भित्र मात्र गरिनेछ ।

(३) उपनियम (२) बमोजिम सैनिक कर्मचारीको सरुवा गर्दा विभागीय प्रमुखको स्वीकृति लिएर मात्र गरिनेछ ।

(४) लेखा सम्बन्धी कार्यमा समूह भन्दा बाहिरका सैनिक कर्मचारीलाई सरुवा गर्न र काज खटाउन पाइने छैन ।

१०. बढुवा : (१) समूहका सैनिक कर्मचारीहरुको बढुवा समूहभित्र मात्र हुनेछ ।

✄ पहिलो संशोधनद्वारा खण्ड (ञ) झिकिएको ।



नेपाल कानून आयोग

(२) बढुवाको लागि उम्मेदवार हुन ▶सैनिक सेवा नियमावली, २०६९ मा तोके बमोजिमको सेवा अवधि पूरा भई लेखा सम्बन्धी आवश्यक तालिम प्राप्त गरेको हुनु पर्नेछ । तर जमदारबाट सुवेदार हुन चार वर्षको सेवा अवधि पूरा भएको हुनु पर्नेछ ।

११. विभागीय प्रमुख : (१) सैनिक सेवा भित्र एक आर्थिक प्रशासन विभाग रहनेछ ।

(२) आर्थिक प्रशासन विभागको प्रमुखको रुपमा सहायकरथी⬢ दर्जाको विभागीय प्रमुख रहनेछ र निजले प्रधान सेनापतिको मातहत र निर्देशनमा रही समूहको सम्पूर्ण प्रशासनिक जिम्मेवारी तथा जवाफदेही बहन गर्नु पर्नेछ ।

१२. सेवाका शर्त तथा सुविधा : लेखा समूहका कर्मचारीको सेवाका शर्त तथा सुविधा नेपाली सेनाका लागि तोकिएको सेवाका शर्त तथा सुविधा बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

---

▶ सैनिक सम्बन्धी केही नियमहरुलाई संशोधन गर्ने नियमावली, २०७० द्वारा संशोधित ।

⬢ पहिलो संशोधनद्वारा संशोधित ।

द्रष्टव्य :

१. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

२. सैनिक ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरु :
"शाही नेपाली सेना" को सट्टा "नेपाली सेना" ।

# अनुसूची-१

(नियम ४ सँग सम्बन्धित)

## समूहमा रहने पदको नाम

१. अधिकृत

✄…………

(ख) सहायक रथी

(ग) महासेनानी

(घ) प्रमुख सेनानी

(ङ) सेनानी

(च) सहसेनानी

(छ) उपसेनानी

(ज) सहायक सेनानी

२. पदिक

(क) सुवेदार

(ख) जमदार

नेपाल कानून आयोग

✄ पहिलो संशोधनद्वारा खण्ड (१) को उपखण्ड (क) झिकिएको ।